श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०३३ सालको ऐन नं. ८

**स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरूदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐ रामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।**

राष्ट्रिय पञ्चायतको सदस्यको निर्वाचनको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

प्रस्तावना : राष्ट्रिय पञ्चायतको सदस्यको निर्वाचनको सम्बन्धमा व्यवस्था गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

परिच्छेद–१

प्रारम्भिक

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भ : (१) यस ऐनको नाम "राष्ट्रिय पञ्चायत (सदस्य निर्वाचन) ऐन, २०३३" रहेको छ ।

(२) यो ऐनको विस्तार नेपाल अधिराज्यभर हुनेछ ।

(३) दफा १ तुरुन्त प्रारम्भ हुनेछ र अन्य दफाहरू श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको क्षेत्रमा तोकेको मितिदेखि प्रारम्भ हुनेछन् ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "निर्वाचन" भन्नाले नेपालको संविधानको धारा ३४ को उप-धारा (३) बमोजिम राष्ट्रिय पञ्चायतको सदस्यताको निमित्त हुने निर्वाचन सम्झनुपर्छ।

(ख) "उमेदवार" भन्नाले दफा ३ बमोजिमको उमेदवार सम्झनुपर्छ।

(ग) "मतदाता" भन्नाले दफा ४ बमोजिमको मतदाता सम्झनुपर्छ।

(घ) "तोकिएबमोजिम" भन्नाले यस ऐन अन्तर्गत निर्वाचन आयोगले जारी गरेको आदेशमा तोकिएबमोजिम सम्झनुपर्छ।

## परिच्छेद–२
## उमेदवार र मतदाता

३. उमेदवार : जुन जिल्लाबाट राष्ट्रिय पञ्चायतमा प्रतिनिधित्व हुने हो सो जिल्लाको जिल्ला पञ्चायतका सभापति, उप-सभापति तथा सदस्य निर्वाचनमा उमेदवार हुन पाउनेछन्।

४. मतदाता : अञ्चल सभाका सदस्यहरू र सम्बन्धित जिल्लाको जिल्ला सभाको सदस्यहरू निर्वाचनमा मतदाता हुनेछन्। दुबै सभाको सदस्य भएको व्यक्तिले अञ्चल सभाको सदस्यको हैसियतले मात्र मतदान गर्नेछ।

५. उमेदवारको अयोग्यता : (१) देहायका व्यक्ति निर्वाचनमा उमेदवार हुन योग्य हुने छैनन्।

(क) मगज बिग्रेका,

(ख) लाटो,

(ग) साहूको दामासाहीमा परेका,

(घ) बहालवाला सरकारी कर्मचारी,

(ङ) श्री ५ को सरकारको स्वामित्व वा नियन्त्रण भएको संगठित संस्थाका बहालवाला कर्मचारी,

(च) कुनै तहको पञ्चायतको बहालवाला कर्मचारी,

(छ) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा दोषी प्रमाणित भए बापत छ महीनाभन्दा बढी कैदको सजाय भई सो कैदको सजाय भोगिसकेको मितिले पाँच वर्ष भुक्तान नभएको,

(ज) निर्वाचनसम्बन्धी अपराधमा अदालतबाट भएको कैदको सजाय भोगिसकेको मितिले एक वर्षको भुक्तान नभएको,

(झ) गाउँफर्क राष्ट्रिय अभियान केन्द्रीय समितिले निर्धारण गरेको योग्यता नपुगेको आधारमा सो समितिले उमेदवारी अनुमोदन नगरेको,

७६२ आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ञ) पच्चीस वर्ष उमेर पूरा नभएको, वा

(ट) कुनै कानूनले अयोग्य भएको ।

(२) संघ संस्था (नियन्त्रण गर्ने) ऐन, २०१९ वा राजकाज (अपराध र सजाय) ऐन, २०१९ अन्तर्गत कुनै अदालतको फैसलाबाट कैदको सजाय पाएको व्यक्तिले सो सजाय भोगिसकेको मितिले दुई वर्षसम्म निर्वाचनमा उमेदवार हुन पाउनेछैन।

६. उमेदवारको उमेरको गणना : उमेदवार हुनको निमित्त आवश्यक पर्ने उमेरको गणना गर्दा दफा १३ बमोजिम उमेदवारको नामावली प्रकाशित भएको मितिसम्म पच्चीस वर्षको उमेर पूरा गरेको हुनु पर्नेछ ।

## परिच्छेद–३
## निर्वाचन अधिकृतको नियुक्ति

७. निर्वाचन अधिकृतको नियुक्ति : (१) निर्वाचनको प्रयोजनको लागि निर्वाचन आयोगले निर्वाचन अधिकृत नियुक्ति गर्नेछ । निर्वाचन आयोगले निर्वाचन अधिकृतको अतिरिक्त मतदान अधिकृत पनि नियुक्त गर्न सक्नेछ ।

(२) निर्वाचन आयोगले मतदान अधिकृत नियुक्त गरेको अवस्थामा बाहेक उप-दफा (१) बमोजिम नियुक्त भएको निर्वाचन अधिकृतले मतदान अधिकृत नियुक्त गर्न सक्नेछ । निर्वाचन अधिकृतले आवश्यकता अनुसार अन्य सरकारी कर्मचारीहरूलाईसमेत निर्वाचनको काममा खटाउन सक्नेछ ।

(३) उप-दफा (१) वा (२) बमोजिम नियुक्त भएको वा खटिएको अधिकृत वा कर्मचारीलाई निर्वाचन अधिकृतले अवस्था हेरी आफ्नो सबै वा केहीं अधिकार प्रत्यायोजन गर्न सक्नेछ ।

## परिच्छेद – ४
## निर्वाचनको संचालन

८. निर्वाचनको सूचनाः उमेदवारको लागि दरखास्त दिने र त्यसको जाँच गर्ने मिति, समय र स्थान, उमेदवारको योग्यताको विरोध गर्ने मिति, समय र स्थान, उमेदवारले नाम फिर्ता लिने आखिरी मिति र समय तथा मतदान हुने मिति, समय र स्थान निर्वाचन अधिकृतले तोक्नेछ र त्यसरी तोकेको कुराको सूचना सम्बन्धित मतदाताहरूको जानकारीको लागि तोकिएबमोजिम समयमै प्रकाशित गर्नेछ ।

९. उमेदवारको लागि दरखास्तः (१) निर्वाचनमा उमेदवार हुनचाहने व्यक्तिले दफा ८ बमोजिम सूचना प्रकाशित भएपछि सोही सूचनामा तोकिएको समयभित्र तोकिएको स्थानमा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

आफैं उपस्थित भई वा अख्तियार प्राप्त वारिस पठाई तोकिएबमोजिमको ढाँचामा दरखास्त दिनुपर्छ ।

(२) उप–दफा (१) बमोजिम दरखास्त दिने उमेदवारले आफ्नो दरखास्तमा एकजना प्रस्तावक र एकजना समर्थक गरी दुई जना मतदाताको सहिछाप गराएको हुनुपर्छ । त्यस्तो प्रस्तावक वा समर्थक उमेदवारको जिल्लाको जिल्ला सभाको सदस्य हुनुपर्छ ।

(३) कुनै निर्वाचनमा कुनै एक उमेदवारको प्रस्तावक वा समर्थक भइसकेको व्यक्ति वा आफै उमेदवार भएको व्यक्ति सोही निर्वाचनमा अर्को उमेदवारको प्रस्तावक वा समर्थक भएको दरखास्तलाई मान्यता दिइने छैन ।

तर, एउटै जिल्लाबाट राष्ट्रिय पञ्चायतको एकभन्दा बढी पदको लागि हुने निर्वाचनमा जति पदको लागि निर्वाचन गरिने हो त्यति उमेदवारहरूको प्रस्तावक वा समर्थक हुन यस उप–दफाले बाधा पुऱ्याएको मानिने छैन ।

१०. रीतपूर्वकको दरखास्त दर्ता गर्नेः दफा ९ बमोजिम दरखास्त प्राप्त भएपछि निर्वाचन अधिकृतले दरखास्त रीतपुर्वकको छ छैन हेरी रीतपूर्वकको भए दर्ता गरी त्यसको निस्सा दरखास्तवाला वा निजको वारिसलाई दिनुपर्छ । रीत नपुगेको दरखास्तमा जे जति रीत नपुगेको हो सो सच्याउन मौका दिनुपर्छ । यसरी दरखास्त सच्याउन मौका दिंदा दरखास्तमा प्रस्तावक वा समर्थक दोहोरिएको वा कुनै उमेदवार नै प्रस्तावक वा समर्थक भएको रहेछ भने सो समेत कुरा उल्लेख गरी सच्याउने मौका दिनुपर्छ । दरखास्तवालाले सच्याउन नचाहेमा सो व्यहोरा दरखास्तमा जनाई त्यसको सूचना दरखास्तवालालाई दिनुपर्छ ।

११. दरखास्तको जाँच गर्नेः (१) दरखास्त दिने म्याद समाप्त भएपछि दफा ९ बमोजिम पर्न आएको दरखास्तलाई निर्वाचन अधिकृतले जाँच गर्नेछ । त्यसरी दरखास्त जाँच गर्दा उमेदवार वा निजको वारिस उपस्थित हुन सक्नेछ ।

(२) उप-दफा (१) बमोजिम दरखास्तको जाँच गर्दा दरखास्तवाला प्रचलित नेपाल कानूनबमोजिम उमेदवार हुन योग्य नभएको वा दरखास्त रीत नपुगेको भई सच्याउन मौका दिंदा दरखास्तवालाले नसच्याएको देखिएमा त्यस्तो दरखास्त निर्वाचन अधिकृतले बदर गर्नेछ ।

१२. नाम फिर्ता लिनेः (१) उमेदवारले आफ्नो नाम फिर्ता लिन चाहेमा दफा ८ बमोजिम प्रकाशित भएको सूचनामा तोकिएको म्यादभित्र आफै उपस्थित भै वा आफ्नो वारिस पठाई निर्वाचन अधिकृतलाई लिखित सूचना दिई आफ्नो नाम फिर्ता लिन सक्नेछ ।

(२) उप-दफा (१) बमोजिम उमेदवारले आफ्नो नाम फिर्ता लिने सूचना निर्वाचन अधिकृतलाई दिई सकेपछि सो सूचना फेरि फिर्ता लिन पाउने छैन ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१३. उमेदवारको नामावलीको प्रकाशनः दफा १२ बमोजिम उमेदवारले नाम फिर्ता लिने म्याद समाप्त भएपछि कायम हुन आएका उमेदवारहरूको सूची तयार गरी निर्वाचन अधिकृतले उमेदवारहरूको नामावली तोकिएबमोजिम प्रकाशित गर्नेछ ।

१४. उमेदवारको विरोध गर्नेः दफा १३ बमोजिम उमेदवारको नामावली प्रकाशित भएपछि दफा ८ बमोजिम प्रकाशित भएको सूचनामा तोकिएको म्यादभित्र उमेदवारको योग्यताको सम्बन्धमा अन्य उमेदवारले विरोध गरी उजूरी दिन सक्नेछ र त्यसरी उजूर पर्न आएमा निर्वाचन अधिकृतले सम्बन्धित उमेदवारलाई आफ्नो सफाइ पेश गर्ने मौका दिई तुरून्त छानवीन गरी निर्णय दिनु पर्नेछ ।

१५. निर्विरोध घोषित हुनेः उमेदवारको संख्या निर्वाचन गरिने पदको संख्याभन्दा बढी नभएमा निर्वाचन अधिकृतले त्यस्तो उमेदवार निर्विरोध निर्वाचित भएको घोषित गर्नेछ ।

## परिच्छेद–५
## मतदानसम्बन्धी कार्य

१६. मतपत्रः निर्वाचन अधिकृतले मतदाता सूचीमा प्रत्येक मतदाताको सहीछाप गराई निजलाई तोकिएबमोजिमको मतपत्र दिनेछ ।

१७. रेजा चिह्न लगाउनेः मतदाताहरूले मतदान गर्दा मतपत्रमा रेजा चिह्नको प्रयोग गर्ने छन् ।

१८. मतदान केन्द्रमा प्रवेशः (१) निर्वाचन अधिकृतले मतदान केन्द्रमा निम्नलिखित व्यक्ति बाहेक अरूलाई प्रवेश गर्न दिने छैनः–

(क) मतदाताहरू,

(ख) उमेदवार वा निजको वारिस, र

(ग) निर्वाचनको कामलाई आवश्यक भनी निर्वाचन अधिकृतबाट अनुमति पाएका व्यक्तिहरू ।

(२) मतदानको समय समाप्त भएपछि मतदान केन्द्रमा प्रवेश गरी सकेका मतदाताहरू बाहेक अरूले मतदान गर्न पाउने छैन ।

१९. निर्वाचन अधिकृतले निरीक्षण गर्न सक्नेः कुनै मतदाता मत दिने स्थानभित्र मनासिव समय-भन्दा बढी बसेमा वा निर्वाचन अधिकृतलाई कुनै शङ्का लागेमा निजले मत पेटिका राखेको स्थानमा आवश्यक निरीक्षण गर्न सक्नेछ ।

२०. अशक्त मतदाताः कुनै मतदाताले शारीरिक असमर्थता वा अरू कुनै कारणवश आफै मतदान गर्न नसक्ने भई आफ्नो पत्यारको कुनै व्यक्तिलाई साथ लैजान अनुमति मागेमा निर्वाचन अधिकृतले उपयुक्त सम्झेमा त्यस्तो व्यक्तिलाई मतदाताको साथमा मत दिने स्थानमा प्रवेश गर्न दिन सक्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२१. मतदानको तरीका: मतदान गोप्य तरीकाले हुनेछ ।

२२. मत पेटिका बन्द गर्ने: (१) मतदान कार्य समाप्त भएपछि निर्वाचन अधिकृतले उमेदवार वा निजको वारिस उपस्थित भए निजको सामुन्ने मत पेटिकाको मतपत्र खसाल्ने प्वाल बन्द गर्नुपर्छ र आफ्नो तथा उमेदवार वा निजको वारिसले चाहेमा निजको समेत लाहाछाप लगाउनुपर्छ ।

(२) मतपत्र दिंदा प्रयोग गरिएका मतदाता नामावली, मत पेटिका बाहिर कुनै मतपत्र भए त्यस्तो मतपत्र तथा निर्वाचनसम्बन्धी मुचुल्काहरू छुट्टा छुट्टै खाममा राखी निर्वाचन अधिकृतले आफ्नो र उमेदवार वा निजको वारिसले चाहेमा निजकोसमेत लाहाछाप लगाई बन्द गर्नुपर्छ ।

२३. मत पेटिका बिगारिएमा वा हराएमा पुनः मतदान गर्ने: (१) कुनै मतदान केन्द्रको मत पेटिका लुटिएमा, गैर–कानूनी तवरले खोलिएमा, फोरिएमा, दुर्घटनावश नाश भएमा, जानी जानी नाश गरिएमा वा हराएमा निर्वाचन अधिकृतले मतदान बदर गरी तुरुन्त निर्वाचन आयोगमा प्रतिवेदन पठाउनु पर्नेछ ।

(२) उप-दफा (१) बमोजिम मतदान बदर गरिएको केन्द्रमा पुनः मतदान गर्ने मिति र समय सकभर चाँडो निर्वाचन अधिकृतले ठेगान गरी मतदान सम्पन्न गराउनु पर्नेछ । त्यसरी मतदान गर्ने मिति र समय तोकेको कुराको सूचना निर्वाचन अधिकृतले तुरुन्त निर्वाचन आयोगलाई दिनु पर्नेछ ।

२४. संकटकालमा मतदान स्थगित गर्ने: कुनै मतदान केन्द्रमा हुलदंगा भई वा कुनै प्राकृतिक विपद परी वा अरू कुनै कारणले गर्दा मतदान कार्य संचालन हुन नसक्ने भएमा निर्वाचन अधिकृतले सो दिनको कार्य स्थगित गरी साधारणतया त्यसको भोलिपल्टै सो केन्द्रको मतदान कार्य सम्पन्न गर्नु पर्नेछ । त्यसरी स्थगित भएको र अर्को दिन मतदान कार्य सम्पन्न भएको कुराको सूचना निर्वाचन अधिकृतले तुरुन्त निर्वाचन आयोगमा पठाउनु पर्नेछ ।

## परिच्छेद – ६

## मतगन्ती

२५. मतगन्ती: (१) मतदान कार्य समाप्त भएपछि निर्वाचन अधिकृतले मतगन्ती गर्ने मिति, समय र स्थान तोक्नेछ र उमेदवारहरूको जानकारीको लागि सो कुराको सूचना प्रकाशित गर्नेछ ।

(२) निर्वाचन अधिकृतले मतगन्तीको काम सकेसम्म लगातार जारी राखी सिध्याउनु पर्छ । कुनै कारणवश मतगन्तीको काम बीचैमा रोक्नुपरेमा निर्वाचन अधिकृतले मतपत्रहरू,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मत पेटिकाहरू र निर्वाचनसम्बन्धी अरू कागजातहरू बन्द गरी आफ्नो र उमेदवार वा निजको वारिसले चाहेमा निजकोसमेत लाहाछाप लगाई हिफाजतसाथ राख्नेछ र साधारणतया त्यसको भोलिपल्टै मतगन्तीको काम पुनः चालू गर्नेछ ।

(३) निर्वाचन परिणाम घोषणा हुनुभन्दा अगाडि सबै वा केही मतपत्रहरू फेरी दोहोऱ्याई गन्ती गराई पाउँ भनी कारणसमेत खुलाई कुनै उमेदवार वा निजको वारिसले निवेदन गर्न सक्नेछ र त्यस्तो निवेदन परेकोमा दोहोऱ्याई मतगन्ती गराउने वा नगराउने अधिकार निर्वाचन अधिकृतको हुनेछ । निर्वाचन अधिकृतले दोहोऱ्याई मतगन्ती नगर्ने निर्णय गरेमा त्यसको कारणसमेत निवेदनमा जनाई त्यसको सूचना निवेदकलाई दिनेछ ।

(४) निर्वाचन अधिकृतले मतगन्ती गर्ने स्थानमा उमेदवार, निजको वारिस र सम्बन्धित कर्मचारीहरू बाहेक अरूलाई पस्न नदिन सक्नेछ ।

(५) मतगन्ती गर्ने काममा बाधा दिने कुनै पनि व्यक्तिलाई निर्वाचन अधिकृतले मतगन्ती गर्ने स्थानबाट बाहिर पठाउन सक्नेछ ।

२६. मतपत्र बदर हुने अवस्थाः देहायका मतपत्र बदर हुनेछन्ः–

(क) निर्वाचन अधिकृतको सही वा छाप नभएको,

(ख) निर्वाचन हुने पदको संख्याभन्दा बढी उमेदवारको नाममा रेजा चिह्न लागेको,

(ग) रेजा चिह्न बाहेक अन्य कुनै चिह्न वा कुरा लेखिएको,

(घ) कुन उमेदवारको लागि मत दिएको हो सो नछुट्टिने गरी च्यातिएको वा फोहोर गरिएको,

(ङ) कुनै नाममा पनि रेजा चिह्न नलागेको,

(च) रेजा चिह्न लगाउने कोठा बाहिर रेजा चिह्न लागेको,

(छ) कुन उमेदवारको लागि मत दिएको हो सो नछुट्टिने गरी रेजा चिह्न लागेको,

(ज) जाली मतपत्र, वा

(झ) मत पेटिका बाहिर खसेको ।

२७. निर्वाचनको परिणामको घोषणाः (१) मतगन्ती सकिने बित्तिकै निर्वाचन अधिकृतले उप-दफा (२) र (३) बमोजिम निर्वाचनको परिणाम घोषणा गर्नेछ र त्यसको सूचना निर्वाचन आयोगमा तुरुन्त पठाउनेछ ।

(२) मतदानमा साधारण बहुमत प्राप्त गर्ने उमेदवार निर्वाचित हुनेछ ।

(३) मतदानमा सबभन्दा बढी मत पाउने दुइ वा दुइभन्दा बढी उमेदवारहरूको मत बराबर भएमा निर्वाचन अधिकृतले गोला हाली निर्णय गर्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## परिच्छेद ७
## विविध

२८. निर्वाचनको फाँटवारी तयार गर्ने: मतगन्ती सकिएपछि मतदाताको संख्या, उमेदवारको संख्या, खसेको मत संख्या, बदर भएको मतसंख्या र प्रत्येक उमेदवारले पाएको मतसंख्या खोली निर्वाचन अधिकृतले निर्वाचनको फाँटवारी तयार गर्नुपर्छ र त्यसको एक प्रति निर्वाचन आयोगमा पठाउनुपर्छ ।

२९. निर्वाचनसम्बन्धी कागजात: (१) निर्वाचनमा प्रयोग भएका कागजहरूमध्ये निर्वाचन अधिकृतको जिम्मामा रहेको सदर वा बदर भएको मतपत्रको बन्दीखाम, मुचुल्काहरूको बन्दीखाम तथा मतदान केन्द्रमा प्रयोग भएको मतदाता सूचीको बन्दीखाम निर्वाचन विशेष अदालतको आदेश विना खोल्न वा हेर्न हुँदैन ।

(२) उप-दफा (१) मा उल्लिखित कागजहरू बाहेक निर्वाचनसम्बन्धी अरू कागजहरू उमेदवार वा निजको वारिसले हेर्न वा त्यसको नक्कल लिन चाहेमा तोकिएबमोजिमको दस्तूर तिरी हेर्न वा नक्कल लिन सक्नेछ ।

(३) उप-दफा (१) मा उल्लिखित कागजहरू मुद्दा परेकोमा अन्तिम टुंगो लागेको मितिले र नपरेकोमा उजूरी गर्ने म्याद भुक्तान भएको मितिले दुई वर्षसम्म नसडाई सुरक्षित राख्नु पर्नेछ ।

३०. आदेश जारी गर्ने र निर्देशन दिने: (१) निर्वाचनको कार्यविधिको सम्बन्धमा निर्वाचन आयोगले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी आदेश जारी गर्न सक्नेछ ।

(२) निर्वाचन संचालनको सम्बन्धमा निर्वाचन आयोगले निर्वाचन अधिकृत, मतदान अधिकृत तथा निर्वाचनको काममा खटिएका अन्य कर्मचारीहरूलाई समय समयमा आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशन पालना गर्नु निजहरूको कर्तव्य हुनेछ ।

३१. नियम बनाउने अधिकार: यो ऐनको उद्देश्य कार्यान्वित गर्न श्री ५ को सरकारले नियम बनाउन सक्नेछ ।

३२. बाधा अडकाउ फुकाउने: यो ऐनमा लेखिएको कुनै कुरा कार्यान्वित गर्न बाधा अडकाउ परेमा श्री ५ को सरकारले त्यस्तो बाधा अडकाउ फुकाउन नेपाल राजपत्रमा सूचना प्रकाशित गरी आवश्यक आदेश जारी गर्न सक्नेछ र त्यस्तो आदेश यसै ऐनमा परेसरह मानिनेछ ।

३३. खारेजी: यो ऐनका प्रारम्भ हुन बाँकी दफाहरू नेपाल अधिराज्यको जुन जुन क्षेत्रमा प्रारम्भ हुन्छन्, तत् तत् क्षेत्रमा राष्ट्रिय पञ्चायत (अञ्चल सभा प्रतिनिधित्व) ऐन, २०१९ तथा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अञ्चल सभा ऐन,२०२४ निष्क्रिय हुनेछन् र नेपाल अधिराज्यभर लागू भएपछि राष्ट्रिय पञ्चायत (अञ्चल सभा प्रतिनिधित्व) ऐन, २०१९ तथा अञ्चल सभा ऐन, २०२४ स्वतः खारेज हुनेछन् ।

३४. राष्ट्रिय पञ्चायत (सदस्य निर्वाचन) अध्यादेश, २०३२ निष्क्रिय भएपछि त्यस्को परिणामः राष्ट्रिय पञ्चायत (सदस्य निर्वाचन) अध्यादेश, २०३२ निष्क्रिय भएपछि अर्को अभिप्राय नदेखिएमा सो निष्क्रियताले,–

(क) सो अध्यादेश निष्क्रिय हुँदाको बखत चल्ती नभएको वा कायम नरहेको कुनै कुरा पनि जगाउने छैन,

(ख) सो अध्यादेशबमोजिम चालू भएको कुरा वा सोबमोजिम रीत पुऱ्याई अघि नै गरिएको अन्य कुनै काम वा भोगिसकेको कुनै कुरालाई असर पार्ने छैन,

(ग) सो अध्यादेशबमोजिम पाएको, हासिल गरेको वा भोगेको कुनै हक, सुविधा, कर्तव्य वा दायित्वमा असर पार्ने छैन,

(घ) सो अध्यादेशबमोजिम गरिएको कुनै दण्ड सजाय वा जफतलाई असर पार्ने छैन,

(ङ) माथि लेखिएको कुनै त्यस्तो हक, सुविधा, कर्तव्य, दायित्व वा दण्ड सजायका सम्बन्धमा गरिएको कुनै काम कारवाई वा उपायलाई असर पार्ने छैन र उक्त अध्यादेश कायम रहेसरह त्यस्ता कुनै कानूनी कारवाई वा उपायलाई पनि शुरू गर्न, चालू गर्न सकिनेछ ।

**लालमोहर सदर मितिः– २०३३।४।१२।३**

आज्ञाले–
चूडामणिराज सिंह मल्ल
श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०३३ सालको ऐन नं. ६

**स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कार ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐ रामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।**

### निर्वाचन (अपराध तथा सजाय) ऐनलाई संशोधन गर्न बनेको ऐन

प्रस्तावना : निर्वाचन (अपराध तथा सजाय) ऐन, २०२४ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त, नाम र प्रारम्भ : (१) यस ऐनको नाम "निर्वाचन (अपराध तथा सजाय) (तेस्रो संशोधन) ऐन, २०३३" रहेको छ ।

(२) दफा १ तुरुन्त प्रारम्भ हुनेछ र अन्य दफाहरू श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको क्षेत्रमा तोकेको मितिदेखि प्रारम्भ हुनेछन् ।

२. निर्वाचन (अपराध तथा सजाय) ऐन, २०२४ को दफा २ मा संशोधन: निर्वाचन (अपराध तथा सजाय) ऐन, २०२४ (यसपछि "मूल ऐन" भनिएको) को दफा २ को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छः–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

" (क) "निर्वाचन" भन्नाले नेपालको संविधान र प्रचलित नेपाल कानूनबमोजिम गाउँ सभाको सदस्य, गाउँ पञ्चायतको प्रधानपञ्च, उप-प्रधानपञ्च वा सदस्य, नगर सभाको सदस्य, नगर पञ्चायतको प्रधानपञ्च, उप-प्रधानपञ्च वा सदस्य, जिल्ला सभाको सदस्य, जिल्ला पञ्चायतको सभापति, उप-सभापति वा सदस्य वा राष्ट्रिय पञ्चायतको सदस्यको लागि हुने निर्वाचन सम्झनुपर्छ ।"

३. मूल ऐनमा दफा ५ क. र ५ ख. थपः मूल ऐनको दफा ५ पछि देहायको दफा ५ क. र ५ ख. थपिएको छः–

"५ क. निर्वाचन खर्चको हदः (१) उमेदवारले निर्वाचनमा निर्वाचन आयोगबाट नेपाल राजपत्रमा प्रकाशित सूचनाद्वारा तोकिएको हदभन्दा बढी खर्च गर्न पाउने छैन ।

(२) निर्वाचित उमेदवारले आफूले निर्वाचनमा गरेको खर्चको विवरण सो निर्वाचनको नतिजा घोषणा भएको मितिले पन्ध्र दिनभित्र निर्वाचन अधिकृत वा निजले तोकेको अधिकारी समक्ष पेश गर्नु पर्नेछ ।

(३) यस दफाको प्रयोजनको लागि निर्वाचनको खर्च भन्नाले निर्वाचनको सूचना प्रकाशित भएको मितिदेखि मतदान सम्पन्न नभएसम्मको अवधिभित्र निर्वाचनमा उमेदवारले निर्वाचनको लागि खर्च गरेको रकम सम्झनुपर्छ ।

तर यस दफामा लेखिएको कुनै कुराले यस ऐन वा अन्य प्रचलित नेपाल कानूनले निषेध गरेको कुनै काम कुरामा खर्च गर्न अधिकार दिएको मानिने छैन ।

५ ख. निर्वाचनसम्बन्धी प्रचार सामग्री निर्वाचन आयोगमा पेश गर्नुपर्नेः निर्वाचनको प्रचारको सिलसिलामा कुनै उमेदवारले आफ्नो नीतिसम्बन्धी कुनै पर्चा आदि निकाल्दा त्यस्ता पर्चा आदि वितरण वा प्रचार गर्नु अगावै त्यसको एक प्रति निर्वाचन आयोग वा निर्वाचन अधिकृत वा निजले तोकेको अधिकारी समक्ष पेश गर्नु पर्नेछ ।"

४. मूल ऐनको दफा ७ मा संशोधनः मूल ऐनको दफा ७ मा रहेको "प्रिजाइडिङ्ग अधिकृतले" भन्ने शब्दहरूको सट्टा "निर्वाचन अधिकृतले" भन्ने शब्दहरू राखिएका छन् ।

५. मूल ऐनको दफा १२ मा संशोधनः मूल ऐनको दफा १२ मा रहेको "रिटर्निङ्ग अधिकृत" भन्ने शब्दहरू झिकिएका छन् ।

६. मूल ऐनको दफा १३ मा संशोधनः मूल ऐनको दफा १३ को,–

(१) उप-दफा (४) मा रहेको "रिटर्निङ्ग अधिकृत" भन्ने शब्दहरू झिकिएका छन् ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उप-दफा (५) पछि देहायको उप-दफा (६) र (७) थपिएका छन्:–

"(६) कसैले दफा ५ क. को उप-दफा (२) बमोजिम निर्वाचनको खर्चको विवरण पेश नगरेमा निजलाई देहायको निर्वाचनको सम्बन्धमा देहायको हदसम्म जरीवाना हुनेछः–

(क) गाउँ सभा, गाउँ पञ्चायत, नगर सभा, नगर पञ्चायत र जिल्ला सभा रू. १००।–

(ख) जिल्ला पञ्चायत रू. ५००।–

(ग) राष्ट्रिय पञ्चायत रू. १,०००।–

(७) कसैले दफा ५ ख. को बखिलाप कुनै काम गरेमा निजलाई रू. ५००।– सम्म जरीवाना हुन सक्नेछ ।"

७. मूल ऐनको दफा १४ मा संशोधनः मूल ऐनको दफा १४ को उप-दफा (१) को खण्ड (ख) पछि देहायको खण्ड (ग) थपिएको छः–

"(ग) निर्वाचित उमेदवारले दफा ५ क. को उप-दफा (१) बमोजिम तोकेको हदभन्दा बढी रकम निर्वाचनमा खर्च गरेको थियो भनी ।"

८. मूल ऐनमा दफा १५ क. थपः मूल ऐनको १५ पछि देहायको दफा १५ क. थपिएको छः–

"१५क. सजाय दिने अधिकारः दफा १३ को उप-दफा (६) र (७) अन्तर्गत सजाय हुने अपराधको सम्बन्धमा जाँचबुझ गरी सजायको आदेश दिने अधिकार निर्वाचन आयोगलाई हुनेछ । र निर्वाचन आयोगले दिएको सजायको आदेश अन्तिम हुनेछ ।"

९. मूल ऐनको दफा १८ मा संशोधनः मूल ऐनको दफा १८ को उप-दफा (१) को सट्टा देहायको उप-दफा (१) राखिएको छः–

"(१) यस ऐन अन्तर्गतको मुद्दामा उजूर गर्ने हद म्याद पैंतीस दिन हुनेछ ।

स्पष्टीकरणः यस उप-दफाको प्रयोजनको लागि उजूर गर्ने हद म्याद कायम गर्दा उजूर गर्नुपर्ने कारण उपस्थित भएको मितिले हद म्याद कायम गर्नु पर्दछ ।"

१०. मूल ऐनको दफा २१ मा संशोधनः मूल ऐनको दफा २१ को सट्टा देहायको दफा २१ राखिएको छः–

"२१ धरौटी राख्नु पर्नेः उजूरवालाले यस ऐनबमोजिम कुनै उजूर दिंदा देहायको निर्वाचनको सम्बन्धमा देहायबमोजिम धरौटी राख्नु पर्नेछः–

(क) गाउँ सभा र गाउँ पञ्चायतको निर्वाचनको सम्बन्धमा रू. १०।–

(ख) नग र सभा, नगर पञ्चायत र जिल्ला सभाको निर्वाचनको सम्बन्धमा रू. ४०।–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) जिल्ला पञ्चायतको निर्वाचनको सम्बन्धमा रू. ८०।–

(घ) राष्ट्रिय पञ्चायतको निर्वाचनको सम्बन्धमा रू.१२०।–"

११. मूल ऐनको दफा २४ मा संशोधनः मूल ऐनको दफा २४ मा रहेको "सम्बन्धित तहको पञ्चायत वा वर्गीय तथा व्यावसायिक संगठनलाई" भन्ने वाक्यांशको सट्टा " सम्बन्धित तहको पञ्चायतलाई " भन्ने वाक्यांश र "आफू निर्वाचित भएको पञ्चायत वा वर्गीय तथा व्यावसायिक संगठनमा" भन्ने वाक्यांशको सट्टा "आफू निर्वाचित भएको पञ्चायतमा" भन्ने वाक्यांश राखिएको छ ।

१२. रूपान्तरः मूल ऐनमा "प्रिजाइडिङ्ग अधिकृत" वा "पोलिङ्ग अधिकृत" भन्ने शब्दहरू प्रयोग भएका ठाउँहरूमा सो शब्दहरूको सट्टा क्रमशः "पिठासीन अधिकृत" वा "मतदान अधिकृत" भन्ने शब्दहरू राखिएका छन् ।

१३. खारेजीः मूल ऐनको दफा ६ खारेज गरिएको छ ।

१४. निर्वाचन (अपराध तथा सजाय) (तेस्रो संशोधन) अध्यादेश, २०३२ निष्क्रिय भएपछि त्यस्को परिणामः निर्वाचन (अपराध तथा सजाय) (तेस्रो संशोधन) अध्यादेश, २०३२ निष्क्रिय भएपछि अर्को अभिप्राय नदेखिएमा सो निष्क्रियताले,–

(क) सो अध्यादेश निष्क्रिय हुँदाको बखत चल्ती नभएको वा कायम नरहेको कुनै कुरा पनि जगाउने छैन,

(ख) सो अध्यादेशबमोजिम चालू भएको कुरा वा सोबमोजिम रीत पुऱ्याई अघि नै गरिएको अन्य कुनै काम वा भोगिसकेको कुनै कुरालाई असर पार्ने छैन,

(ग) सो अध्यादेशबमोजिम पाएको, हासिल गरेको वा भोगेको कुनै हक, सुविधा, कर्तव्य वा दायित्वमा असर पार्ने छैन;

(घ) सो अध्यादेशबमोजिम गरिएको कुनै दण्ड सजाय वा जफतलाई असर पार्ने छैन,

(ङ) माथि लेखिएको कुनै त्यस्तो हक, सुविधा, कर्तव्य, दायित्व वा दण्ड सजायका सम्बन्धमा गरिएको कुनै काम कारवाई वा उपायलाई असर पार्ने छैन र उक्त अध्यादेश कायम रहेसरह त्यस्ता कुनै कानूनी कारवाई वा उपायलाई पनि शुरू गर्न , चालू गर्न सकिने छ ।

लालमोहर सदर मितिः– २०३३।४।१२।३

आज्ञाले–

चूडामणिराज सिंह मल्ल

श्री ५ को सरकारको सचिव

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

५५८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।